National News

9/6/2024

**मुख्य समाचार:-**

- प्रधानमन्त्री पदको शपथ समारोह भव्य रूपमा चलीरहेको
- श्री प्रेम सिंह तमांगले भोली सिक्किममा मुख्यमन्त्री पदको ग्रहण गर्नुहुनेछ शपथ
- दिल्लीका जलमन्त्रीले उप-राज्यपालसंग भेट गर्ने माग्नुभयो समय
- बांग्लादेशको **अवामी लीग** पार्टीका सांसदको हत्याको मामिलामा एकजना फेरी गिरफ्तार
- महाराष्ट्रको केही जिल्लामा **ओरेन्ज अलर्ट** जारी

**प्रधानमन्त्री-शपथ ग्रहण समारोह**

श्री नरेन्द्र मोदीको आज साँझ सात बजेर पन्ध्र मिनेट देखी प्रधानमन्त्री पदको शपथ समारोह चलीरहेको छ। प्रधानमन्त्री पदका लागी शपथ ग्रहण गर्नुभएको उहाँको यो तेस्रो पल्ट हो । उहाँको मन्त्रीपरिषद्को पनि आज राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले राष्ट्रपति भवनमा पद अनि गोपनीयताको शपथ दिलाउनुहुनेछ। राष्ट्रपतिले श्री मोदीलाई सरकार गठनका लागि आमन्त्रित गर्नुभएको थियो । शुक्रवार, श्री मोदीले राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूसंग भेट गरेर सरकार गठनको दावी पेश गर्नुभएको थियो। भारतीय जनता पार्टीका अध्यक्ष श्री जगत प्रकाश नड्डाको नेतृत्वमा, राष्ट्रीय जनतान्त्रीक गठबन्धन –एन.डी.ए -को शिष्टमण्डलले राष्ट्रपतिसंग भेट गरेर श्री मोदीलाई भाजपा सांसदीय दलका नेता चुनिए सम्बन्धी पत्र सुम्पिएको थियो। एन.डी.ए-को घटक दलको समर्थन-पत्र पनि ऱाष्ट्रपतिलाई सुम्पिएको थियो । आजको शपथ-ग्रहण समारोहका लागि छिमेकी देश र हिन्द महासागर क्षेत्रका नेताहरूलाई आमन्त्रित गरिएको छ ।श्रीलंका अनि मालदीवका राष्ट्रपति तथा मरीशस र भूटानका प्रधानमन्त्री दिल्ली पुगिसक्नुभएको छ। बांग्लादेशका प्रधानमन्त्री र सेशेल्सका उप-राष्ट्रपति हिजो यसै सिलसिलैमा नयाँ दिल्ली पुग्नुभएको थियो।

**यातायात परामर्श**

मनोनीत प्रधानमन्त्री श्री नरेन्द्र मोदीको शपथ-ग्रहण समारोहलाई ध्यानमा राख्दै, आज राजधानीमा विभिन्न मार्गमा आवागमन प्रतिबन्धित छ । **संसद मार्ग, रफी अहमद किदवई मार्ग, नर्थ एवेन्यू रोड, साउथ एवेन्यू रोड, कुशकर रोड, राजाजी मार्ग, कृष्ण मेन मार्ग, तालकटोरा रोड र पंडित पन्त मार्गमा** यातायात आज दिउसो दुई बजीदेखी राती एघाह्र बजी सम्म बन्द रहनेछ। प्रतिबन्धित सड़कमा पार्क गरिएका वाहनलाई हटाइने छ र अनुचित पार्किंगका लागि कार्रवाई गरिनेछ । पटेल चौक, रेल भवन, गोल चक्कर गुरुद्वारा र काबगन्ज, गोल डाकखाना, राम मनोहर लोहिया अस्पताल, जी.पी.ओ, पटेल चौक, कृषि भवन, सुनहरी बाग, गोल मेथी, जी.के.पी.ओ र तीन मूर्ति गोलचक्कर भएर जाने वाहनको मार्ग परिवर्तित गरिनेछ। दिल्ली यातायात पुलिसले यात्रीलाई संसद मार्ग, इम्तियाज खान मार्ग, रफी अहमद किदवई मार्ग, पंडित पंत मार्ग, राजाजी मार्ग, त्यागराज मार्ग र अकबर रोड हुँदै जानबाट बाच्ने सलाह दीएको छ।

## सिक्किम-शपथ ग्रहण

सिक्किममा, श्री प्रेम सिंह तमांगले भोली साँझ चार बजी आफ्नो मन्त्रीपरिषद्का साथ मुख्यमन्त्री पदको शपथ लिनुहुनेछ। राज्यपाल श्री  लक्ष्मण प्रसाद आचार्यले उहाँलाई पद अनि गोपनीयताको शपथ दिलाउनुहुनेछ। सिक्किम क्रान्तिकारी मोर्चा- **एस.के.एमका** प्रमुख श्री तमाङ्गले  मुख्यमन्त्री पदको शपथ लिनुहुने छ र उहाँको यो दोस्रो अवसर हुनेछ। शपथ-ग्रहण कार्यक्रमलाई हेर्दै, राजधानी गान्तोक नगर निगमको अधिकार-क्षेत्रमा भएका सबै सरकारी अनि निजी शिक्षा संस्थान  भोली बन्द रहनेछ । यो निर्णय व्यापक सुरक्षा प्रबन्ध अनि वाहनको आवाजाहीमा प्रतिबन्धका कारण लिइएको हो । हालैमै सम्पन्न सिक्किम विधानसभा चुनावमा, एस.के.एम –ले बतीसमा एकतीस सीटले  जीतेको छ । एउटा  सीट सिक्किम डेमोक्रेटिक फ्रन्ट –एस.डी.एफ-को खातेमा गएको छ । एस.डी.एफ प्रमुख र सिक्किमका पूर्व मुख्यमन्त्री श्री  पवन चामलिङ्ग दुबै सीटबाट चुनाव हार्नुभएको छ।

## अन्तरराष्ट्रीय अभिलेख दिवस

आज अन्तरराष्ट्रीय अभिलेख दिवस हो। रिकर्ड अनि अभिलेखलाई लामो समय सम्म सुरक्षित राख्ने महत्व प्रति मानिसको ध्यान आकर्षित गर्नका लागि यो दिवस मनाइन्छ। वर्ष  दुई हजार चारमा आस्ट्रियाको राजधानी वियनामा आयोजित अन्तरराष्ट्रीय सम्मेलनमा विश्वभरीबाट दुई  हज़ार भन्दा अधिक मानिसले भाग लिएका थिए ।यसै सम्मेलनमा अन्तरराष्ट्रीय अभिलेख दिवस मनाउने संकल्प पारित  गरिएको थियो । पहिलो अन्तरराष्ट्रीय अभिलेख दिवस  दुई हजार सातमा मनाइएको थियो।

## दिल्ली-आतिशी- एलजी मुलाकात

दिल्लीका जलमन्त्री सुश्री  आतिशीले पानीको कमीलाई लिएर उप-राज्यपाल श्री विनय कुमार सक्सेनासंग भेट गर्ने समय माग्नुभएको छ। सुश्री आतिशीले सोशल मीडिया पोस्टमा बताउनुभएको छ कि हरियाणा सरकारले मुण्डको नहरमा पर्याप्त पानी छोड़ेको छैन । उहाँले भन्नुभयो, श्री सक्सेना केन्द्र सरकारको प्रतिनिधि हो र उहाँसंगको मामिलामा हस्तक्षेप गरेर समधान गर्ने अनुरोध  गरिनेछ।

सुश्री आतिशीले दावी गर्नुभयो कि दिल्लीका एक हजार पचास  घनमीटर पानीको बदलीमा  हरियाणाले केवल आठ सय चालीस  घनमीटर पानी मात्र छोडेको छ।

## पश्चिम बंगाल-गिरफ्तारी

पश्चिम बंगाल पुलिसले बांग्लादेशको **अवामी लीग** पार्टीका सांसद  श्री अनवारुल अज़ीम अनारको हत्याको मामिलामा  एकजना अर्को अभियुक्तलाई गिरफ्तार  गरेको छ । गिरफ्तार भएका  व्यक्तिको पहिचान  सियाम हुसैनका रूपमा गरिएको छ । पुलिसले अपराधीलाई बांग्लादेशको सीमा छेउ उत्तरी चौबीस  परगना ज़िल्लाको बनगाउँबाट गिरफ्तार  गरेको हो । अपराधी मूल रूपमा बांग्लादेशको भोला जिल्लाको बुरहानुद्दीन बासी रहेको छ  र श्री अनवारुलको मृत्यु पछि नेपाल भागेको थियो ।  श्री अनवारुललाई पछिलो हप्ता कलकत्ताको एउटा फ्यलाटमा मृतक पाइएको थियो । यस मामिलामा बांग्लादेशका कथित आप्रवासी श्री  जिहाद हवलदारलाई अघी नै गिरफ्तार गरिएको थियो। मामिलाको मुख्य अभियुक्त  अखतरू जमां शाहीन **लापत्ता**  छ  र उसको गिरफ़्तारीका लागि इन्टरपोलको सहयोग लिइदैछ।

**मणिपुर-कर्फ्यू**

मणिपुरको अशान्त जिरिबाम जिल्लामा स्थितिमा काबू पाउनका लागि लगाइएको करफ्यू आज पनि जारी छ। जिल्लामा तैनात अतिरिक्त सुरक्षाबलले गश्ती तेज गरेको छ र विभिन्न समुदाय बीच कुनै पनि प्रकारको झडप रोक्नका लागि सबै संवेदनशील क्षेत्रमा जाँच गरीदैछ। मणिपुरको सीमावर्ती जिरिबाम क्षेत्रमा एकजना कृषकको शव भेटिए पछि दुई समुदाय बीच तनाव बढ्यो र जिल्ला मजिस्ट्रेटद्वारा बिहीबार राती कर्फ्यू लगाइएको छ। कृषकको शवमा धारीलो हतीयारले हमला गरेको निशान थियो। उपद्रवी तत्वले जिल्लाका केही भवन अनि सरकारी सम्पत्तीमा आगो लगाइदिएको थियो। हिंसा प्रभावित गाउँका मानिसलाई सरकारी राहत शिविरमा राखिएको छ। यसै बीच, जिरिबाम जिल्लाका नयाँ वरिष्ठ पुलिस अधीक्षकले कार्यभार ग्रहण गर्नुभएको छ र उहाँले जिल्लामा कानून अनि व्यवस्थाको स्थितिमा नजर राख्नु भएको छ। पुलिसले बताए अनुसार , जिल्लामा सामान्य स्थिति बनाउने हरसम्भव उपाय गरिँदैछ।

**गज़ा-बन्धक**

इज्रायलले गज़ा पट्टीको नुसीरतमा बन्धक बनाइएका आफ्नो चार जना नागरिकलाई आतंकी संगठन हमासको कब्जाबाट छुट्टाएको छ। यी नागरिकलाई पछिलो वर्ष सत अक्टूबरमा नोवा संगीत समारोहमा अपहरण गरिएको थियो। छुड़ाइएका बन्धकलाई उपचारका लागि अस्पतालमा भर्ती गरिएको छ।

**महाराष्ट्र ओरेन्ज अलर्ट**

मौसम विभागले महाराष्ट्रमा रत्नागिरी, सिन्धुदुर्ग, सतारा र कोलहापुर जिल्लाका लागि झरीको **ओरेन्ज अलर्ट** जारी गरेको छ । राज्यको अहमद नगर र नाशिक जिल्लाका लगी आँधीसंगै झरीको **ओरेन्ज अलर्ट** जारी गरिएको छ। ठाणे, रायगढ़ र पालघर जिल्लाका लागी पनि **यल्लो अलर्ट** जारी गरिएको छ। यसै बीच, आज बीहान मुम्बई र यसको उप-नगरीय इलाकाका विभिन्न स्थानमा हल्का पानी परेको छ। मौसम विभाग अनुसार, दक्षिण-पश्चिम मनसून मध्य अरब सागर अनि दक्षिण महाराष्ट्र तर्फ बढ़ी रहेको छ।